# सुन्दरहरैँचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

**सुन्दरहरैँचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत बहाल बिटौरी/हाट बजार शुल्क बन्दोबस्तीका लागि शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०३/०१ गते)

यस नगरपालिकाले आ. व. २०८१/०८२ का लागि आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम यस कार्यालयको मिति २०८१/०२/३१ गतेको निर्णयानुसार बहाल बिटौरी/हाटबजार शुल्क असुली गर्ने कार्यका ठेक्का बन्दोबस्ती लागि यो सूचना प्रकाशन गरिएको छ। ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तल उल्लेखित शर्त तथा न्यूनतम ठेक्का रकममा नघट्ने गरी शिलबन्दी दरभाउपत्र पेश गर्न अनुरोध छ।

| क्र.स. | ठेक्का नम्बर | हाट बजारको नाम | वडा नं. | न्युनतम ठेक्का रकम (मु.अ.क समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजश्व ०३/०८१/८२ | मृगौलिया,हिमाल चोक साप्ताहिक बजार | २ | रु. ७५,०००।०० | |
| २ | राजश्व ०४/०८१/८२ | आईतवारे पशुहाट | ३ | रु. ३,७५,०००।०० | |
| ३ | राजश्व ०५/०८१/८२ | बुधवारे साप्ताहिक बजार | ९ | रु. १,८०,०००।०० | |
| ४ | राजश्व ०६/०८१/८२ | खोर्सानै साप्ताहिक बजार | १२ | रु. ८५,०००।०० | |
| ५ | राजश्व ०७/०८१/८२ | गछिया साप्ताहिक बजार | ७ | रु. ५,५५,००० ।०० | |
| ६ | राजश्व ०८/०८१/८२ | गोठगाउँ साप्ताहिक वजार | ७ | रु. २,१०,०००।०० | |
| ७ | राजश्व ०९/०८१/८२ | सलकपुर साप्ताहिक बजार | ८ | रु. २,७०,०००।०० | |
| ८ | राजश्व १०/०८१/८२ | बेलेपुर साप्ताहिक बजार | ११ | रु. ३२,०००।०० | |
| ९ | राजश्व ११/०८१/८२ | हरैँचा साप्ताहिक बजार | १ | रु. २,६०,०००।०० | |

**शर्तहरु:-**

१. शिलबन्दी दरभाउपत्र फारम दस्तुर रकम रु. १०००/- अक्षेरुपी एक हजार मात्र (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ (**SUNDARHARAICHA NAGARPALIKA, Ga3.1 Local Level Depo**) मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्व शाखामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

२. माथि उल्लेखित ठेक्कामा अशुल गर्ने शुल्कको दर सुन्दरहरैँचा नगरपालिकाले तोके अनुसार हुनेछ।

३. ठेक्काको अवधि आ.व.०८१/८२ मा सम्झौता भएको मिति देखि २०८२ आषाढ मसान्त सम्म मात्र हुनेछ।

४. ठेक्का अवधिभर सम्वन्धित हटियाको सरसफाई गर्ने ब्यवस्था स्वयमः ठेक्केदारले मिलाउनु पर्नेछ।

५. दरभाउपत्रदाताले खामको बहिर पट्टी ठेक्काको नम्बर, ठेक्काको नाम र ठेकदारको नाम, मोबाईल नम्बर समेत लेखि शिलबन्दी गरी नगर कर्यापालिकाको कार्यालायमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ।

६. शिलबन्दी दरभाउपत्र फारम पेश गर्दा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित शिलबन्दी फारम र फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान नम्बरको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपीका साथ कबोल अंकको ५ प्रतिशत नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३०(**SUNDARHARAICHA NAGARPALIKA, Ga3.1 Local Level Depo**) मा जम्मा गरी सोको सक्कलै भौचर शिलबन्दी दरभाउपत्रमा सम्लग्न गर्नु पर्नेछ।

७. शिलवन्दी दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोलिने मिति, समय र स्थानः

क) शिलवन्दी दरभाउपत्र खरिदगर्नेः मिति २०८१/०३/१४ गते शुक्रवार कार्यालय समय भित्र।

ख) शिलवन्दी दरभाउ पत्र पेश गर्ने मितिः २०८१/०३/१६ गते दिनको १२.०० बजे सम्म।

ग) शिलवन्दी दरभाउपत्र खोलिने मितिः २०८१/०३/१६ गते दिनको १.०० बजे।

घ) स्थानः सुन्दरहरैँचा नगरपालिकाको कार्यालय विराटचोक, मोरङ।

# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

ङ) शिलवन्दी दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिमको प्रक्रिया अगाडि बढाइनेछ ।

८. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ,। शिलवन्दी दरभाउपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. एकमुष्ट ठेक्का रकम सम्झौता अगावै नबुझाई सम्झौता गर्ने भएमा कुल कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता अगावै यस कार्यालयमा बुझाएको हुनुपर्ने र बाँकी ६० प्रतिशतको हकमा मिति २०८१ फाल्गुन ससान्त सम्म समयावधी भएको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत पेश गर्नु पर्नेछ र सो ६० प्रतिशत बराबरको रकम २०८१ माघ मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

१०. शिलवन्दी दरभाउपत्र दाताले कवोल गरेको रकम सम्झौताको वखत एकमुष्ठ रुपमा दाखिला गरेमा मु.अ.कर वाहेकको रकममा १० प्रतिशत छुट दिईनेछ । ठेक्का सम्झौताकर्ताले पेश गरेको बैंक जमानत बमोजिमको ६०% रकम २०८१ माघ मसान्त सम्ममा यस कार्यालयमा नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैक जमानत जफत समेत गरी असुल उपर गरिनेछ ।

११. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन पेश गर्नु पर्नेछ । साथै कार्यालायले उपलब्ध गराएको दररेट भन्दा बढि हाटबजार शुल्क असुल गरेको प्रमाणित भएमा धरौटीबाट कट्टा गरिनेछ भने पटक पटक सोही कार्य दोहोरयाएमा कानुन बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचिमा राख्न प्रचलित कानुन बमोजिम आवश्यक कारवाहिकको लागि सिफारिस गरिनेछ ।

१२. ठेक्का संग सम्बन्धित रसिद ठेकेदार स्वयले छपाई गरी यस कार्यालयबाट प्रमाणित गरेर बहाल बिटौरी कर संकलन गर्नु पर्नेछ ।

१३. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन ।

१४. एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको शिलवन्दी दरभाउपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन ।

१५. कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार स्वयमः को हुनेछ ।

१६. यो सूचनाको उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**